नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:-
चलानी नं.:-

# शहरी विकास मन्त्रालयको प्रगति सम्बन्धमा "PRESS NOTE"

मितिः २०८१/१०/२१

चालु आ.व. २०८१/८२ मा यस मन्त्रालयको बजेट जम्मा रु. ९१ अर्ब ३५ करोड २३ लाख रहेकोमा संघ तर्फको बजेट हाल रु ६८ अर्ब २४ करोड २८ लाख १८ हजार रहेको छ। जसमध्ये चालु तर्फ रु. ४ अर्ब ४५ करोड ८३ लाख २ हजार र पुँजीगत तर्फ रु. ६३ अर्ब ७८ करोड ४५ लाख १६ हजार विनियोजित छ। हालसम्म चालु तर्फको खर्च १९.४७ प्रतिशत रहेको छ भने पुँजीगत तर्फको खर्च १२.२२% रहेको छ। समग्रमा यस मन्त्रालयको वित्तीय खर्च जम्मा रु. ८ अर्ब ६६ करोड ८ लाख २८ हजार अर्थात १२.६९% रहेको छ।

चालू आ.व. २०८१/८२ का नयाँ कार्यक्रमहरू मध्ये हालसम्म जम्मा १८७४ वटा कार्यक्रमहरूको बोलपत्र आव्हान भई ११३९ वटा कार्यक्रमहरुको ठेक्का सम्झौता भइसकेको छ। त्यसैगरी ठेक्का सम्झौता कार्यक्रमहरू मध्ये पनि ६० वटा कार्यक्रमहरुको निर्माण सम्पन्न भइसकेको छ। यस मन्त्रालयबाट वहुबर्षीय ठेक्का सम्झौता लागि प्रस्तावित २८८ वटा कार्यक्रमहरु मध्ये जम्मा १५९ वटा कार्यक्रमहरुको श्रोत सहमति प्राप्त भइसकेको छ । हाल सम्म ११० वटा संशोधनको लागि प्रस्तावित कार्यक्रमहरु मध्ये ७२ वटा कार्यक्रम संशोधन भइसकेको छ भने बाँकी संशोधन हुने प्रक्रियामा रहेका छन् । त्यसैगरी गत आ.व.का ३०३ वटा क्रमागत तथा बहुबर्षीय स्वीकृत कार्यक्रमहरु यस आ.व.मा सम्पन्न भईसकेका छन् ।

सरकारको दोस्रो सय दिन (२०८१ माघ १७ गतेसम्म) को कार्यक्रम अन्तर्गत हालसम्म ३६ वटा स्थानीय तहहरूको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरी सार्वजनिक सेवा सुचारु भएको छ भने ७ वटा स्वास्थ्यको भवन निर्माण कार्य सम्पन्न भइसकेको छ। प्राकृतिक विपद्को समयमा समुदायलाई आश्रयस्थल उपलब्ध गराउनको लागि २ वटा इमर्जेन्सी सेल्टर निर्माण कार्य सम्पन्न भइसकेको छ भने २ वटा सम्झौता बमोजिमको कार्य सम्पन्न भइसकेको छ। त्यसैगरी जाजरकोट र रुकुम पूर्वको भुकम्पबाट क्षतिग्रस्त सरकारी भवन तथा स्वास्थ्य संस्थाका भवन पुनर्निर्माण कार्यका लागि स्वीकृत अस्थायी दरबन्दी प्राप्त भै रुकुमको चौरजहारीमा २०८१/०६/१३ गते कार्यालय स्थापना भई सञ्चालनमा रहेको छ।

यस मन्त्रालयबाट निर्माण भएका प्रमुख भवनहरु मध्ये मिति २०८१/६/३ गते संविधान दिवसको दिनबाट धरहरा संचालनमा ल्याई परीक्षणको लागि धरहरा, बेसमेन्ट पार्किङ्ग र बगैंचा सर्वसाधारणको लागि खुल्ला गरिएको छ। साथै दमक व्यापारिक कम्प्लेक्स निर्माण कार्य सम्पन्न भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट समुद्घाटन भएको छ। सभाहल/सिटिहलको निर्माण कार्य अन्तर्गत चितवन सौराहा सभाहल भवन निर्माण कार्य सम्पन्न भएको, सुनसरीको लौकही सभाहलको निर्माण कार्य अन्तिम चरणमा रहेको र नेपालगञ्ज सिटिहलको ठेक्का अनुसारको निर्माण कार्य सम्पन्न भईसकेको छ। यसैगरी चण्डीदल गणको लागि भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको छ भने भैंसेपाटी स्थित मन्त्री निवासको दोस्रो चरणको निर्माण कार्य ८१% सम्पन्न भई बाँकी निर्माण कार्य भईरहेको छ ।

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्स: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेल: info@moud.gov.np, वेबसाइट: www.moud.gov.np

नेपाल सरकार
# शहरी विकास मन्त्रालय
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-

चलानी नं.:- ग्रामीण आवगमनको सुधार गर्न झापा, रोल्पा र पर्वत गरी ३ जिल्लाहरूमा जम्मा ६.९ कि.मी. ग्रामीण कालोपत्रे सडक निर्माण भएको छ भने ४ वटा स्थानीय सडक पुल तथा १२४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ। यसैगरी त्रिवेणी सुस्ता बहुत्तरी झो.पु. (१५७१ मी.) को निर्माण कार्य सम्पन्न भई समेत सम्माननीय राष्ट्रपतिज्यूबाट समुद्घाटन भई सञ्चालनमा आइसकेको छ।

यसैगरी मिति २०८१/१०/१५ गते शहरी विकास मन्त्रालयको सभाहलमा मन्त्रालयस्तरिय समस्या समाधान समितिको बैठक सम्पन्न भएको छ। विशिष्ट संरचना सञ्चालन सम्बन्धमा (गठन) आदेश स्वीकृत भई कार्यकारी निर्देशकको नियुक्ति भई विशिष्ट संरचना सञ्चालनको लागि मोडालिटि तय गर्न आवश्यक पर्ने कार्यविधी, मापदण्ड तथा विनियमावली तयारी प्रक्रिया अगाडी बढाइएको छ ।

निर्माण व्यवसायीलाई चालु आ.व.मा भुक्तानी गर्नुपर्ने दायित्व अन्तर्गत स्वीकृत कार्यक्रममा समावेश भएका कार्यक्रमहरूको भुक्तानी दायित्व बाँकी नरहेको अवस्था छ ।

प्रवक्ता

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्स: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेल: info@moud.gov.np, वेबसाइट: www.moud.gov.np